# दैनिक गतिविधि

**१९ जेष्ठ, २०७७**


फ्याक्स: ०६१-५२०३३०
टोल फ्री न. १०९२

फोन नं. ०६१-५२०३५०
PHEOC: ०६१-५२४०७४

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल





आज मिति २०७७ साल जेष्ठ १९ गते स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश अर्न्तगतका जिल्लाहरुमा covid-19 रोकथाम तथा नियन्त्रणका लागि समाज कल्याण परिषद् र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वीकृती र सहकार्यमा स्वास्थ्य सामाग्री खरिद गरी Ipas Nepal द्वारा हस्तान्तरण कार्यक्रम माननीय सामाजिक विकास मन्त्रि नर देवि पुन मगरज्यूको अध्यक्षतामा सु-सम्पन्न भयो । उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, माननीय मन्त्रीज्यूको स्वकीय सचिव चन्द्रमणी सापकोटाज्यू, Ipas Nepal की सरस्वती पुरी लगायतको उपस्थिती रहेको थियो ।




गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनावरण कार्यक्रममा कोरोनाको रोकथामलगायत यसबाट परेको असरबारे प्राथमिकता दिइएको छ । स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन प्रदेश स्वास्थ्य नीति, कानुन र मापदण्ड तर्जुमा गरिने र स्वास्थ्य क्षेत्रको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ । संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना, सबै जिल्ला अस्पतालको स्तरोन्नति, ३ वर्षभित्र सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिने छ ।त्यस्तै कोरोना रोग विरुद्धका लड्नका लागि समेत विशेष कार्यक्रमहरु घोषणा भएका छन् । कोरोना उपचार कोषमा थप १५ करोड राखेर ३० करोड पुर्याइएको छ । निजी क्षेत्रबाट ३ करोडभन्दा बढी रकम संकलन भएको बताइएको छ । कोरोना विरुद्ध लड्नका लागि व्यापक परीक्षण र संक्रमितहरुको नि:शुल्क उपचार गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।संक्रामक तथा सरुवा रोगको उपचारको व्यवस्था गर्न नेपाल सरकारसँगको सहकार्यमा प्रयोगशाला परीक्षणसहितको अत्याधुनिक प्रविधियुक्त संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गरिने भएको छ । यसैगरी मनाङ र मुस्ताङ जिल्लाका अस्पतालमा २ शैया र बाँकी सबै जिल्लाका ९ अस्पतालमा ५ शैयाको सघन उपचार कक्षको स्थापना गरिने भएको छ ।

मिति २०७७/०२/०९ भैरहवाको नमुना मा.वि. बाट क्वारेन्टाइनमा बसेकाहरुलाई म्याग्दी सम्मका लागि लिएर छुटेको म्याग्दी यातायात प्रा.लि. को गाडी नम्बर ना.५.ख २८९८ मा सवार भई विभिन्न ठाउँमा ओर्लिएका गोरखा पालुङटार न. पा. का १ जना र लमजुङ राईनास नगरपालिकाका ३ जना डुम्रे प्रहरी, तनहुँ भिमाद नगरपालिकाका ३ जना दुलेगौडा प्रहरी र पोखरा महानगरपालिकाको पुरानो बसपार्कमा ओर्लेका ४ जना पोखरा महा-नगरपालिकाको लेकसिटि B क्वारेन्टाइनमा भएको जानकारी छ ।

हिजो स्वास्थ्य निर्देशनालयको फेसबुक पेज मार्फत म्याग्दीका एक जना कोभिड-१९ संक्रमित व्यक्तिको सम्पर्कमा आएका सम्भावित व्यक्तिहरुको पहिचानका लागि खोजपड्ताल स्वरुप आव्हान गरिएको प्रेस विज्ञप्तिको आधार मा सम्बन्धित स्थानीय तहले सम्पूर्ण व्यक्तिको विवरण उपलब्ध गराएका छन् ।

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२